पूरक करार-फाराम नं. ६१-एस७ (नाबालिग)

**बीमालेख मालिकको ब्यक्तिगत दुर्घटना (AD, D & PTD) सुरक्षा**

**अमेरिकन लाईफ इन्स्योरेन्स कम्पनी**

(सन् १८६८ मा अमेरिकामा स्थापित भई नेपाल बीमा प्राधिकरणबाट नेपालमा जीवन बीमा ब्यवसाय गर्न ईजाजत प्राप्त)

यसपछि कम्पनी भनिएको

द्वारा

जारी गरिएको

यो पूरक करार मूल बीमालेखसंगै जारी गरिएकोछ, तर मूल बीमालेखको अंग बन्ने छैन, र मूल बीमालेखको अनुसूचीमा माथि उल्लेखित पूरक करार फाराम नम्बर, सोको बीमाङ्क र बीमाशुल्क स्पष्ट उल्लेख भएमा वा उल्लेखित मूल बीमालेखमा उपयुक्त अनुमोदन संलग्न गरिएमा मात्र यसले बैधता हासिल गर्दछ ।

**भाग १ - परिभाषा**

**"मालिक"** यस पूरक करारमा जहाँसुकै प्रयोग भएपनि आवेदन फाराममा उल्लेख गरिएको शुल्क बुझाउने व्यक्ति वा मालिकलाई बुझाउनेछ ।

**"घाउ चोट"** यस पूरक करारमा जहाँसुकै प्रयोग भएपनि यो पूरक करार चालु रहेको अवस्थामा अन्य सबै कारण वाहेक स्वतन्त्र रूपले दुर्घटनाको कारणबाट यस पूरक करार अन्तर्गत सुरक्षित कुनै क्षति हुने गरी मालिकलाई लागेको शारिरीक घाउ चोटलाई बुझाउनेछ ।

**"क्षति"** यस पूरक करारमा जहाँसुकै प्रयोग भएपनि - हात र खुट्टाको सम्बन्धमा : नाडि वा गोलीगाँठाको जोर्नी वा सोभन्दा माथि; बुढी औंला र चोर औंला को सम्बन्धमा: हत्केला र औलाको जोर्नी वा सोभन्दा माथि; दृष्टि, श्रव्य र वाक् सम्बन्धमा : दृष्टि, वाक् वा श्रव्यको सम्पूर्ण र अपुरणीय तथा अनुमती प्राप्त OPTHALMOLOGY वा OTOLARYNGOLOGY मा विशेषज्ञता प्राप्त चिकित्सकद्वारा प्रमाणित प्रक्रियात्मक उपयोगको पूर्ण ह्रास वा पूर्ण र स्थायी क्षतिलाई बुझाउनेछ ।

**"पूर्ण र स्थायी असक्तता"** यस पूरक करारमा जहाँसुकै प्रयोग भएपनि मालिक आय वा मुनाफा आर्जन गर्ने कुनैपनि व्यवसाय वा पेशा गर्न असमर्थ हुनलाई जनाउनेछ ।

**"पूर्व विद्यमान अवस्था"** यस पूरक करारमा जहाँसुकै प्रयोग भए पनि आवेदनमा घोषित वा अघोषित यो पूरक करार प्रारम्भ मिति अगाडि पत्ता लागेको, उपचार गरिएको वा सोको लागि कुनै चिकित्सकसंग परामर्श लिएको अवस्थालाई बुझाउनेछ ।

**"आवेदन"** यस पूरक करारमा जहाँसुकै प्रयोग भए पनि मुल बीमालेख अन्तर्गतको बीमाको लागि गरिएको आवेदनलाई बुझाउनेछ ।

**"चिकित्सक"** यस पूरक करारमा जहाँसुकै प्रयोग भएपनि मालिक वा मालिकको नजिकको नातेदार बाहेक, एलोप्याथिक र शल्यक्रिया गर्न कानूनी इजाजत प्राप्त व्यक्तिलाई बुझाउनेछ ।

**"बीमाङ्क"** यस पूरक करारमा जहाँसुकै उल्लेख भएपनि मूल बीमालेख अनुसूचिमा उल्लेखित रकमलाई बुझाउनेछ ।

**"दुर्घटना"** यस पूरक करारमा जहाँसुकै उल्लेख भएपनि आकस्मिक र स्वस्फूर्त घटना जसको फलस्वरुप घाउचोट हुन्छ, लाई जनाउनेछ ।

**भाग २ - अपवादहरु**

यस पूरक करार अन्तर्गत निम्न कारणले वा सोको परिणाम स्वरुप भएको जोखिमको रक्षावरण हुनेछैन र सोवापत कुनै भुक्तानी दिईनेछैन :

(क) संतुलित वा असंतुलित मानसिक अवस्थामा जानाजान आफैले लगाएको घाउ चोट, आत्महत्या वा त्यस्तो कुनै प्रयास,

(ख) युद्ध, अतिक्रमण, विदेशी सैन्य कार्यवाही, बैमनस्यता वा युद्ध जस्ता कार्यवाही (युद्ध घोषित वा अघोषित भएपनि), विद्रोह, दंगा, गृहयुद्ध, राजद्रोह, क्रान्ति, विप्लव, आतंककारी क्रियाकलाप, गोला वारुद आक्रमण, चाहा मार्ने, धराप तथा त्यस्तो प्रकृतिका सबै कार्यवाहीहरुमा संलग्न रहेमा,

(ग) हत्या वा आक्रमणमा संलग्न रहेमा,

(घ) जन्मजात खराबीहरु र त्यसको फलस्वरुप वा परिणाम स्वरुप उत्पन्न हुने अवस्थाहरु,

(ङ) विषाणु संक्रमण (दुर्घटनाको फलस्वरुप भएको घाउ चोटको माध्यमबाट हुने संक्रमण बाहेक) वा अन्य प्रकारका रोगहरु,

(च) एड्स (Acquired Immune Deficiency Syndrome),

(छ) पूर्व विद्यमान अवस्थाहरु,

(ज) होडबाजीमा सहभागिता, दौड, प्रतिस्पर्धा, स्थल, जल वा वायुमा हुने प्रतियोगिताहरु, पर्वतारोहण, प्वट होलिङ (Pot holing), प्याराग्लाइडिङ, बन्जी उफाई (Bunjee Jumping), प्यारा सुटिङ वा स्कुवा डाइभिङ,

(झ) नियमित वायुसेवाको नियमित रूटको भाडा तिर्ने यात्रुको रूपमा प्रमाणित, व्यावसायिक र इजाजत प्राप्त बिमान चालकद्वारा उडाईने यात्रुवाहक बिमानमा गर्ने उडान यात्रा वाहेक अन्य बिमान वा उपकरणमा गरिने उडान यात्रा ।

**भाग ३ - लाभहरु**

यस पूरक करारमा भएका शर्त प्रावधान र आपवादहरुको अधीनमा रही यो पूरक करार प्रारम्भ मितिमा वा सोपछि तथा पूरक करार चालु रहेको अवस्थामा भएको क्षतिको लागि निम्न अनुसार लाभ भुक्तानी गर्न कम्पनी मन्जुर गर्दछ । यसरी भुक्तानी गरीने कुल अधिकतम लाभ बीमाङ्क भन्दा बढी हुनेछैन ।

**खण्ड १:- दुर्घटनाको कारण मृत्यु भएमा पाउने लाभ**

घाउ चोटको परिणाम स्वरुप, दुर्घटना भएको ३६५ दिनभित्र मालिकको मृत्यु भएमा कम्पनीले खण्ड २ र ३ अन्तर्गत भुक्तानी गरेको वा गरीने रकम घटाई बाँकी बीमाङ्क भुक्तानी दिईनेछ ।

**खण्ड २ :- अंगभंग, दृष्टि, श्रवण वा वाक शक्ती गुमेमा**

घाउ चोटको परिणाम स्वरुप, दुर्घटना घटेको ३६५ दिनभित्र तल उल्लेखित क्षति भएको अवस्थामा कम्पनीले निम्नानुसार भुक्तानी दिनेछ ।

दुवै हात वा दुवै खुट्टा वा दुवै आँखा को ज्योती गुमेमा.................. बीमाङ्क रकम पुरा

एउटा हात र एउटा खुट्टा गुमेमा .......................................... बीमाङ्क रकम पुरा

हात वा खुट्टा र एक आँखा गुमेमा ......................................... बीमाङ्क रकम पुरा

दुवै कानको श्रवण शक्ती गुमेमा .............................................बीमाङ्क रकम पुरा

वाक् शक्ती गुमेमा...............................................................बीमाङ्क रकम पुरा

कुनै एउटा हात वा खुट्टा गुमेमा.............................................बीमाङ्क रकमको आधा

एक आँखाको ज्योति गुमेमा.................................................. बीमाङ्क रकमको आधा

बुढी औला र चोर औला गुमेमा............................................ बीमाङ्क रकमको एकचौथाई

यस खण्डमा उल्लेखित क्षतिहरुमध्ये एकभन्दा बढी क्षति भएमा भुक्तानी हुने कुल लाभ शत प्रतिशत बीमाङ्कमा नबढ्ने गरी प्रत्येक क्षतिको लागि निर्धारित लाभहरुको योगफलको बराबर हुनेछ ।

**खण्ड ३ :- पूर्ण स्थायी असक्तता लाभ**

घाउचोटको परिमाण स्वरुप र दुर्घटना घटेको मितिदेखि ३६५ दिनभित्र मालिक पूर्ण र स्थायी रुपले असक्त भएको अवस्थामा र यस्तो असक्तता ३६५ दिनसम्म कायमै रहेमा र यस अवधिको अन्तसम्म पूर्ण र स्थायी अशक्तता जारी रहेमा कम्पनीले खण्ड २ अन्तर्गत भुक्तानी गरिएको वा गरीने रकम घटाई बीमाङ्क रकम भुक्तानी दिइनेछ ।

**सीमाहरु र बीमाको अन्त्य :**

कुनै पनि अवस्थामा खण्ड १ दुर्घटना मृत्यु लाभ वा खण्ड २ अंगभंग, दृष्टि, वाक वा श्रवण गुम्ने लाभ वा खण्ड ३ पूर्ण र स्थायी असक्तता लाभ अन्तर्गत अधिकतम व्यवस्था भए वाहेक एकभन्दा वढी क्षतिको लागि कुनै लाभ भुक्तानी दिइनेछैन ।

यस पूरक करार अन्तर्गत शत प्रतिशत बीमाङ्क रकम भुक्तानी हुने क्षति मालिकलाई हुनासाथ यस पूरक करार अन्तर्गतका सबै बीमा समाप्त हुनेछ । तर यस्तो बीमा समाप्ति त्यस्तो दुर्घटना जसको फलस्वरुप यस्तो क्षति भएको हो सोबाट उत्पत्ति हुन सक्ने कुनै दाविप्रति पुर्वाग्रहरहित हुनेछ ।

**भाग ४: सामान्य शर्तहरु**

**पूर्ण करार - हेरफेर :** यस अन्तर्गत दिईने बीमालाभको लागि यो पूरक करार, आवेदन र यसमा संलग्न अनुमोदनहरु समेतवाट पूर्ण करार बन्दछ ।

यस पूरक करारमा गरिने कुनैपनि हेरफेर कम्पनिको कुनै कार्यकारी अधिकृतद्वारा स्वीकृत नभएसम्म र त्यस्तो स्वीकृति यसमा अनुमोदन नगरिए सम्म वा यसमा संलग्न नगरिएसम्म वैध हुनेछैन । कुनै अभिकर्तालाई यो पूरक करारलाई बदल्ने वा यसका कुनै प्रावधानलाई छुट दिने अधिकार हुनेछैन ।

**आधार:** यो पूरक करार, आवेदन जसको प्रतिलिपि मूल बीमालेखमा संलग्न गरिएको छ, मा उल्लेखित घोषणाहरुको आधारमा र मूल बीमालेखको अनुसूचिमा यस पूरक करारको लागि उल्लेख गरिएको बीमाशुल्क अग्रीम भुक्तानी प्राप्त भएको आधारमा जारी गरिएको छ । कम्पनीद्वारा बीमा स्वीकृतिलाई प्रभाव पर्ने तथ्य मालिकद्वारा लुकाएमा वा झुट्टा बयान दिइएमा यो करार प्रारम्भदेखि नै रद्द हुनेछ ।

**जारी मिति** : मूल बीमालेख अनसूचीमा उल्लेख गरिएको प्रारम्भ मितिदेखि नै यो पूरक करार लागु हुनेछ । लागु भईसकेपछि यो पूरक करार नविकरण मितिसम्म लागु रहनेछ र तत् पश्चात पूरक करारमा उल्लेखित मोहलतको अवधी र नविकरण हुनसक्ने शर्तहरुको अधीनमा चालु रहन सक्नेछ ।

**नविकरण हुने अवस्थाहरु :** मूल बीमालेख अनुसूची वा मूल बीमालेखमा संग्लन कुनै संशोधनमा यस पूरक करारको लागि उल्लेखित कम्पनीको प्रचलित बीमाशुल्क दर अनुसारको बीमाशुल्क अग्रिम भुक्तानी गरी कम्पनीको सहमति अनुसार यो पूरक करार समय समयमा नविकरण गर्न सकिनेछ ।

**मोहलतको अवधि :** बक्यौता हुन आएको कुनै बीमाशुल्क भुक्तानी गर्नको लागि दिइने मोहलतको अवधि मूल बीमालेखमा निर्धारित मोहलतको अवधि नै हुनेछ । यस पूरक करारको लागि भुक्तानी गर्नुपर्ने बक्यौता रहेको बीमाशुल्क मोहलतको अवधिको अन्त्य सम्म नबुझाएमा पूरक करार अन्त्य हुनेछ र तत् पश्चात यस अन्तर्गत कुनै सुरक्षा दिइनेछैन । यदि मोहलत अवधिभित्र मालिकको मृत्यु भई यो पूरक करार अन्त्य भएमा मालिकले बुझाउन बाँकी बीमाशुल्क मूल बीमालेख अन्तर्गत भुक्तानी हुने कुनैपनि रकमबाट घटाइनेछ ।

**बीमाको अन्त्य :**

निम्न अवस्थामा यो पूरक करार स्वत: अन्त्य हुनेछ :

क) मोहलतको अवधिपछि बीमाशुल्क भुक्तानी गर्न बाँकी रहेमा;

ख) मूल बीमालेख अन्त्यहुने अवस्थामा;

ग) मालिकको ७० औं जन्मदिनमा पर्ने वा त्यसको लगतै पर्ने पूरक करार बार्षिकोत्सवमा;

घ) मूल बीमालेख समर्पण भएमा वा जफत नहुने प्रावधान अनुसार चुक्ता बीमालेख (Paid-Up Policy) मा परिवर्तन भएमा

ङ) युद्ध अथवा शान्तिको अवस्थामा मालिक कुनै देशको सशस्त्र फौजमा कार्यरत रहेमा

च) बीमित बालबालिकाको उमेर १६ वर्ष पुग्ने जन्ममिति अगाडि पर्ने पूरक करार बार्षिकोत्सवमा, तत्पश्चात मूल बीमालेखमा संलग्न पुरक करार फारम नं. ६१-एस ७ बीमित बालबालिकाको रक्षावरणका लागि लागुहुनेछ ।

**पेशामा हेरफेर:-** मालिकको पेशामा हुने कुनै पनि परिवर्तनबारे अनिवार्यरुपले कम्पनीलाई अविलम्ब जानकारी दिनुपर्नेछ । यदि मालिकलाई कम्पनीले बढी खतरापूर्ण पेशाको रुपमा बर्गिकरण गरेको पेशामा पेशा परिवर्तन गरे पश्चात वा आर्जनको लागि त्यस्तो बर्गिकृत कुनै पेशा सम्बन्धि कार्य गर्दा भएको क्षतिको लागि यस पूरक करार अन्तर्गत पाउने लाभको त्यो अंश मात्र भुक्तानी गरिनेछ जुन तिरिएको बीमाशुल्क दर अनुसार त्यस्तो बढी खतरनाक पेशाको लागि निर्धारित बीमाशुल्क दर अनुसार कायम हुन आउनेछ र जुन कम्पनीद्वारा निर्धारित सीमाभित्र पर्न आउनेछ ।

यदि मालिकले आवेदनमा उल्लेखित आफनो पेशालाई कम्पनीद्वारा बर्गिकृत कम खतरनाक पेशामा परिवर्तन गरेमा र कम्पनीलाई त्यस्तो परिवर्तनको प्रमाण प्राप्त भएमा कम्पनीले सोहि अनुसार बीमाशुल्क घटाउनेछ र पेशा परिवर्तन भएको मिति वा त्यस्तो प्रमाण प्राप्त भएको मितिपछि लगतै आउने यस पूरक करारको बार्षिकोत्सव मध्ये जुन बढी नयाँ हुन्छ, देखि बढि हुन आउने र कम्पनीले कमाई नसकेको समानुपातिक बीमाशुल्क फिर्ता गर्नेछ ।

यो प्रावधान लागु गर्दा कम्पनीले क्षतिपूर्ति गर्नुपर्ने घटना घटनु अगाडी वा पेशा परिवर्तनको प्रमाण प्राप्ति मितिभन्दा अगाडि लागु रहेको पेशा वर्गिकरण र बीमाशुल्क दर अनुसार गरिनेछ ।

**दावीको सूचना** : यो पूरक करारले समेट्ने कुनै प्रकारको क्षति भएको खण्डमा क्षति भएको दश (१०) दिनभित्र वा त्यसपछि यथासंभव चाँडो कम्पनीमा लिखित सूचना दिनु पर्नेछ । दुर्घटनाबाट मृत्यु भएको अवस्थामा तुरुन्त कम्पनीमा सूचना दिनुपर्नेछ । मालिक वा मालिकको वारेशद्वारा मूल बीमालेखको मुख पृष्ठमा उल्लेखित कम्पनीको कार्यालयमा वा कम्पनीको कुनै अधिकार प्राप्त अधिकृतलाई दिइएको मालिकको पहिचान गर्न पुग्दो जानकारी सहितको लिखित सूचनालाई कम्पनीलाई दिइएको सूचना मानिनेछ ।

**दावी फाराम :** कम्पनीले दावीको सूचना पाएपछि, क्षतिको प्रमाण प्रस्तुत गर्न आवश्यक पर्ने दावी फाराम दावीकर्तालाई उपलब्ध गराउनेछ ।

**क्षतिको प्रमाण :** मालिकको आफ्नै खर्चमा, कम्पनीले तोके बमोजिमको ढाँचामा क्षतिको चित्तबुझ्दो प्रमाण त्यस्तो क्षतिभएको ३१ दिनभित्र वा यथासम्भव चाडो पेश गर्नुपर्नेछ । क्षति भएको तीन वर्ष पछि प्राप्त हुन आउने क्षतिको प्रमाणलाई स्वीकार गरिनेछैन ।

**दावी भुक्तानी :** दुर्घटनाबाट मालिकको मृत्यु हुँदा पाउने लाभ बीमालेखमा उल्लेखित बीमितलाई निज बीमितको मृत्यु भैसकेको भएमा प्रचलित बीमा ऐन तथा बीमा नियमावली अनुसार बीमितको कानूनी हकदारलाई भुक्तानी दिईनेछ । यस पूरक करार अन्तर्गतका अन्य सबै लाभहरु मालिकलाई नै भुक्तानी गरिनेछ ।

यस प्रावधान अनुसार सद्विश्वासको आधारमा कम्पनीद्वारा गरिएको कुनै पनि भुक्तानीले कम्पनीलाई भुक्तानी रकमको हदसम्म सम्पूर्ण दायित्वबाट मुक्त गर्नेछ ।

**भौतिक जाँच:** यस अन्तर्गत कुनै दावी विचाराधीन रहेको अवधिभित्र कम्पनीले आफ्नै खर्चमा चाहेको बखत, आवश्यकता अनुसार मालिकको जाँच गर्न सक्नेछ र मृत्यु भएको अवस्थामा कानूनले निषेध गरेको अवस्थामा वाहेक लाश जाँच (Autopsy) समेत गराउन सक्नेछ ।

**कानूनी कार्यवाही:** यस पूरक करार अन्तर्गत दावी सम्बन्धी कुनै कानूनी वा न्यायिक कार्यवाही गर्नुपर्दा नेपालको प्रचलित बीमा ऐन तथा बीमा नियमावली अनुसार हुनेछ ।

**रद्द:** कम्पनीले कुनै पनि समयमा रद्द लागू हुने मिति उल्लेख भएको लिखित सूचना बीमालेख मालिकलाई बुझाएर वा कम्पनीको अभिलेख अनुसारको ठेगानामा पठाएर बुझाएको वा पठाएको मितिले कम्तीमा १५ दिनपछि देखि लागूहुने गरी यो पूरक करार अन्त्य गर्न सक्नेछ । बीमा रद्द भएको अवस्थामा कम्पनीले आर्जन गरी नसकेको मालिकले बुझाएको बीमाशुल्क समानुपातिक दरमा यथासंभव चाडो फिर्ता गरिनेछ । कम्पनीद्वारा पूरक करारको रद्द गर्दा, त्यस्तो रद्द हुनु भन्दा अगावै उत्पन्न हुने कुनै दावीप्रति पुर्वाग्रहरहित हुनेछ ।

मालिकद्वारा पूरक करार रद्द गरिएमा आर्जित बीमा शुल्क सो समयमा प्रचलित कम्पनीको Short rate table को आधारमा गणना गरिनेछ ।

**मुनाफामा सरीक नहुने :** यो पूरक करार कम्पनीले आर्जन गर्ने लाभ वा बचतमा सहभागी हुनेछैन ।

**पुनर्जागरण :** यस पूरक करारको लागि लागु हुने बीमाशुल्क समयमा भुक्तानी नभएको अवस्थामा, कम्पनीको सहमतिमा तथा मूल बीमालेख पूर्ण रुपमा लागु रहेको अवस्थामा यस पूरक करार अन्तर्गतको बीमा बाँकी रहेको बीमाशुल्क पुरा चुक्ता भुक्तानी गरी पुनर्जागरण गर्न सकिनेछ । यसरी पुनर्जागरण हुँदा यस पूरक करारले पुनर्जागरण मिति पश्चात भएको क्षतिको जोखिमलाई मात्र ग्रहण गर्नेछ ।

**हस्तान्तरण :** मूल बीमालेख अन्तर्गतको Assignee लाई यस पूरक करार अन्तर्गतको कुनै लाभ प्राप्त गर्ने अधिकार हुनेछैन ।

तपसीलको साक्षीको रोहबरमा बीमालेख अनुसूचीमा वा संलग्न उपयुक्त अनुमोदनमा उल्लेखित जारी मितिमा कार्यान्वीत हुने गरी कम्पनीले यो पूरक करार जारी गरेकोछ ।

SUPPLEMENTARY CONTRACT-FORM NO 61-S7 (JUVENILE)
**OWNER'S PERSONAL ACCIDENT (AD, D & PTD) COVERAGE**
ISSUED By

# AMERICAN LIFE INSURANCE COMPANY

(Incorporated in 1868 in the U.S.A. and Licensed by Nepal Insurance Authority to conduct Life Insurance Business in Nepal)
Hereinafter called "the Company"

This Supplementary Contract is issued in conjunction with, but does not form part of the Basic Policy to which it is attached, and is valid only if the above Supplementary Contract Form Number, Principal Sum and Premiums are stated on the Policy Specification Schedule of the Basic Policy or is endorsed on the Basic Policy.

## PART I-DEFINITIONS

**"Owner"'** wherever used in this Supplementary Contract shall mean the 'Payor' or 'Owner' stated in the Application.
**"Injury"** wherever used in this Supplementary Contract means accidental bodily injury occurring to the Owner while this supplementary Contract is in force, and resulting, directly and independently of all other causes, in loss covered by this Supplementary Contract.
**"Loss"** wherever used in this Supplementary Contract means the total loss of functional use or complete and permanent severance:

- With reference to hand or foot: at or above the wrist or ankle joint
- With reference to Thumb and Index finger:at or above the metacarpo phalangeal joints.
- With reference to the eyes, hearing and speech the entire and irrecoverable loss of sight, hearing or speech as certified by a licensed physician specializing in Opthalmology or Otolaryngology.

**"Totally and Permanently Disabled"** wherever used in this Supplementary Contract means the Owner is unable to engage in any occupation or employment for compensation or profit.
**"Pre-existing Condition"** wherever used in this Supplementary Contract means a condition that was diagnosed, treated, or for which a physician was consulted at any time prior to this Supplementary Contract Effective Date; whether declared or not declared on the Application.
**"Application"** wherever used in this Supplementary Contract means the Application for Insurance Coverage under the Basic Policy.
**"Physician"** wherever used in this Supplementary Contract means a person legally licensed to practice western medicine and/or surgery other than the Owner or a member of the Owner's immediate family.
**"Principal Sum"** wherever used in this Supplementary Contract means the amount stated in the Policy Specification Schedule.
**"Accident"** wherever used in this supplementary contract shall mean an unforeseen and involuntary event which causes an Injury.

## PART II-EXCEPTIONS

This Supplementary Contract does not cover and no payment shall be made in respect to any loss caused by or resulting from:

a) Intentionally self-inflicted injury, suicide or any attempt threat while sane or insane;
b) If involved in war, invasion, act or foreign enemy, hostilities or war like operations (whether war be declared or not), mutiny, not, civil war, rebellion, revolution, insurrections; acts of terrorism, shelling, sniping, ambushes and all acts of similar nature;
c) If involved in murder or assault;
d) Congenital anomalies and conditions arising out of or resulting therefrom;
e) Bacterial infections (except pyogenic infections which shall occur through an accidental cut or wound) or any other kind of disease;
f) Acquired Immune Deficiency Syndrome (AIDS)
g) Pre-existing conditions;
h) Participation in competitions, races, contests, matches in land, air or sea; mountain climbing, pot holing, paragliding, bungee jumping, parachuting or scuba diving;
i) Flying in an aircraft or device for aerial navigation except as a fare paying passenger on a certified passenger aircraft provided by a commercial airline and operated by a properly certified pilot flying between duly established and maintained airport.

## PART III-BENEFITS

The Company agrees to pay the following Benefits for losses occurring on or after this Supplementary Contract Effective Date and during the period this Supplementary Contract is in effect subject to the Terms, Conditions and Exception contained in this Supplementary Contract. The total maximum benefits payable under this Supplementary Contract shall not exceed the Principal Sum.

### Section1: Loss of Life Accident Indemnity

When Injury results in loss of life of an Owner within three hundred sixty-five (365) days from the date of accident, the Company will pay Principal Sum less any other amount paid or payable under Section 2 and Section 3.

### Section 2: Dismemberment, Loss of Sight, Hearing, Speech Indemnity

When Injury results in any of the following Losses within three hundred sixty-five (365) days from the date of the accident, the Company will make Lump Sum Payment for the loss of:

| | |
|---|---|
| Both Hands or Both Feet or Sight of Both Eyes | The Principal Sum. |
| One Hand and One Foot | The Principal Sum. |
| Either Hand or Foot and Sight of One Eye | The Principal Sum. |
| Hearing of both Ears | The Principal Sum. |
| Speech | The Principal Sum. |
| Either Hand or Foot | One Half the Principal Sum. |
| Sight of One Eye | One Half the Principal Sum. |
| Thumb and Index Fingers | One Quarter The Principal Sum. |

In case of occurrence of more than one of the losses specified under this section, the total indemnity payable hereunder is established by adding the indemnity corresponding to each single loss up to a maximum limit 100% of the Principal Sum.

### Section 3: Permanent Total Disability Indemnity

When, as the result of the injury and commencing within three hundred sixty-five (365) days from the date of the accident, the Owner is Totally and Permanently Disabled, and such disability has continued for a period of three hundred sixty-five (365) days and is total, continuous and permanent as the end of this period, the Company will pay the Principal Sum less any other amount paid or payable under Section 2.

## LIMITATIONS & EXPIRATION OF COVERAGE

No indemnity will be paid under any circumstances for more than one of the losses, the greatest for which provisions made in Section 1 'Loss of Life Accident Indemnity" or Section 2 "Dismemberment, Loss of Sight, Hearing, Speech Indemnity" or Section 2 "Permanent Total Disability Indemnity".

The occurrence of any specified loss/losses in respect of the Owner for which the full Principal Sum is payable under the Supplementary Contract shall at once terminate all insurance coverage under this Supplementary Contract, but such termination shall be without prejudice to any claim origination out of the accident causing such loss.

## PART IV- GENERAL PROVISIONS

**ENTIRE CONTRACT-CHANGES**:
This Supplementary Contract including the Application and any endorsements hereto, constitute the entire contract for the insurance coverage provided hereunder. No change in this Supplementary Contract shall be valid until approved by an executive officer of the Company and unless such approval be endorsed hereon or attached hereto.

No agent has authority to change this Supplementary Contract or to waive any of its provisions.

**CONSIDERATION:** This Supplementary Contract is issued on the basis of the declarations made in the application, a copy of which is attached to the Basic Policy, and in consideration of the payment in advance of the premium applicable to this Supplementary Contract stated in the Policy Specification Schedule of the Basic Policy.

Concealment of facts or false statements by the Owner which affect the acceptance of the risk by the Company shall invalidate this Supplementary Contract from its inception.

**EFFECTIVE DATE:** This Supplementary Contract takes effect on the Effective Date state in the Policy Specification Schedule of the Basic Policy. After taking effect this Supplementary Contract shall continue in effect until the renewal date and may continue in effect thereafter subject to the "Grace Period' and "Renewal Condition' set for the in this Supplementary Contract.

**RENEWAL CONDITIONS:** This Supplementary Contract may be renewed with the consent of the Company from term to term, by paying in advance the premium due for the Supplementary Contract at the Company's premium rate then in force on the premium due date as indicated the Policy Specification Schedule of the Basic Policy and any amendments thereof.

**GRACE PERIOD**: The grace period allowed for payment of any premium due shall be the same as that allowed under the Basic Policy. If at the end of the grace period any Premium due and payable on this Supplementary Contract has not been paid than it shall terminate and no further coverage will be provided hereunder.

Should this Supplementary Contract terminate within the grace period by the death of the Owner, any premium then due and unpaid will be deducted from any amount payable under the Basic Policy.

**TERMINATION:** This Supplementary Contract shall automatically terminate; (a) if the premium remains unpaid after the grace period; (b) upon the termination of the Basic Policy (c) on this Supplementary Contract anniversary date occurring on or directly following the Owner 70th birthday; (d) if the Basic Policy is surrendered or converted to Paid Up Policy Non-forfeiture option; or (e) If Owner is serving in the Armed Forces of any country whether in peace or war; (f) On this supplementary contract anniversary date occurring just before Insured Child's birthday of completing age 16, thereafter, the Supplementary Contract- Form No 61-S7 attached to Basic Policy will be effective for insurance coverage on the Insured Child.

**CHANGE OF OCCUPATION:** The Company must be immediately informed of any changes in the Owner's occupation. If the Owner sustains a loss after having changed occupation to one classified by the Company as more hazardous than that stated in the Application or while doing, for compensation, anything pertaining to an occupation so classified, the Company will pay only such portion of the indemnities provided in this Supplementary Contract as the premium paid would have purchases at the rates and within the limits fixed by the Company for such more hazardous occupation.

If a Named Owner changes occupation to one classified by the Company as less hazardous than that stated in the Application, the Company, upon receipt of proof of such change of occupation, will reduce the premium rate accordingly, and will rerum this excess pro-rata unearned premium from the date of change of occupation or from this Supplementary Contract anniversary date immediately preceding receipt of such proof, whichever is the more recent.

In applying this provision, the classification of occupation and the premium rates shall be such as have been last promulgated by the Company prior to the occurrence of the loss for which the Company is liable on prior to the date of proof change in occupation.

**NOTICE OF CLAIM:** Written notice of claim must be given to the Company within ten (10) days after the occurrence or commencement of any loss covered by this Supplementary Contract, or as soon thereafter is reasonably possible. In the event of Accidental Death, immediate notice thereof must be given to the Company. Written notice of claim given by or on behalf of the Owner to the Company at its office specified on the face of the Basic Policy or the any authorized official of the Company with information sufficient to identify the Owner shall be deemed as notice In the Company.

**CLAIM FORMS:** The Company, upon receipt of a notice of claim, will furnish to the claimant such forms as usually required by the Company for filing proof of loss.
**PROOF OF LOSS:** Affirmative proof of loss in such forms as the Company shall proscribe must be furnished to the Company at the Owner's expense within thirty-one (31) days after the date of such loss or as soon thereafter is reasonably possible. No proof of loss will be accepted if furnished later than three (3) years from the time the loss occurred.

**PAYMENT OF CLAIMS:** Indemnity for the loss of life of the Owner is payable to the Insured named in the Basic Policy or to the legal heir of the Insured as per the prevailing Insurance Act and Regulation of Nepal if insured has died before. All other indemnities under this Supplementary Contract are payable to the Owner. Any payment made by the Company in good faith pursuant to this provision shall discharge Company to the extent of the payment.

**PHYSICAL EXAMINATION:** The Company at its own expense shall have the right and opportunity to examine the Owner when and as often at the Company may reasonably require during the pendency of a claim hereunder, and also the right and opportunity to make an autopsy in case of death where it is not forbidden by law.

**LEGAL ACTION:** Legal action will comply Subject to Prevailing Insurance Act and Insurance Regulation of Nepal.

**CANCELLATION:** The Company may cancel this Supplementary Contract at any time by written notice delivered to the Owner, or mailed to the last address as shown by the records of the Company, stating when, not less than fifteen (15) days thereafter, such cancellation shall be effective. In the event of cancellation, the company will rerum promptly the pro-rata unearned premium portion of any premium actually paid by the Owner. Cancellation of this Supplementary Contract by the company shall be without prejudice to any claims originating thereto.

In the event this Supplementary Contract is cancelled by the Owner, the earned premium shall be computed in accordance to the short rate used by the Company at the time of cancellation.

**NON-PARTICIPATION:** This Supplementary Contract does not participate in the profits or surplus of the Company.

**REINSTATEMENT:** If default be made in the payment of agreed Premium for this Supplementary Contract, the insurance under this Supplementary Contract may be reinstated with the consent of the Company but only if the Basic Policy is in full force with no premium in default thereon. In the event of such reinstatement, this Supplementary Contract shall only cover loss sustained after the date of reinstatement.

**ASSIGNMENT:** No assignee under the Basic Policy shall have the right to receive any benefit payable under this Supplementary Contract.

**IN WITNESS WHEREOF:** The Company has caused this Supplementary Contract to be executed as of the date of issue slated in the Policy Specification Schedule or in the relevant endorsement attachment thereto.